## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६६-WO-०३०१, उत्प्रेषण, परमादेश, *मानव अधिकारको लागि एकल महिला समूह र आफ्नो हकमा समेत लिली थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाली समाजमा दुई साबालिग महिला र पुरुषबीच विवाहद्वारा आपसमा पति पत्नीको पवित्र सम्बन्धमा बाँधिने सामाजिक एवं भावनात्मक सम्बन्ध विवाह भएको र त्यसरी पतिपत्नीको सम्बन्ध कायम भएपछि पतिको मृत्यु भएमा पत्नी एकल महिलाको रूपमा जीवन जीउने र त्यस अवस्थामा त्यस्ता एकल महिलाले पुरुषको तुलनामा अत्यधिक मात्रामा सामाजिक, आर्थिक, साँस्कृतिक तथा धार्मिकरूपमा अनेकन् कठिनाई र समस्याहरूको सामना गर्न बाध्य हुने हुन्छन् । यस्तो हुनुको कारण परम्परागत मूल्य र रूढीगत मान्यता नै हो । विश्वव्यापीरूपमा महिलाहरूको स्थितिमा सकारात्मक परिवर्तन आए पनि महिलाहरू त्यसमा पनि एकल महिलाहरूको सामाजिक तथा आर्थिक अधिकारलगायतका अधिकारहरू अझसम्म पनि कुण्ठित नै हुन पुगेको कुरालाई समेत नकार्न नसकिने ।

नेपाल सरकारद्वारा ल्याइएको आर्थिक वर्ष २०६६।०६७ को बजेट कार्यक्रममार्फत् एकल महिलालाई विवाह गर्ने जोडीलाई प्रदान गरिने भनिएको सो रू. ५०,०००।- दिने नीतिले महिलाहरूलाई पूर्ण आत्मनिर्भर बनाउन सक्ने अवस्था रहन्न । ती एकल महिलाहरूलाई शिक्षा, रोजगारी र अन्य अवसरहरूमा पहुँच वृद्धि गर्ने वस्तुनिष्ठ आधार र कार्यक्रमहरू ल्याउनका साथसाथै यस्ता प्रोत्साहन दिन सक्नेतर्फ सरकारको सोच रहेको भन्ने भए पनि त्यसको प्रतिबद्धतासमेतको स्पष्ट अभावको महसूस हुने अवस्था देखिन्न । उक्त प्रोत्साहित रू. ५०,०००।- एकल महिलालाई विवाह गर्न बाध्य पारी दिइने रकम नभएको विवाह गर्न इच्छुक एकल महिलाले विवाह गरेको अवस्थामा मात्र पाउने भनी भएकोले सम्मानपूर्वक बाँच्न पाउने अधिकारमा प्रत्यक्ष अतिक्रमण भएको नदेखिए पनि यस्ता एकल महिलाको सशक्तिकरण गर्ने दीर्घकालीन कार्यक्रम नल्याई आर्थिक वर्ष २०६६।०६७ को लागि एकल महिला विवाह गर्ने जोडीलाई प्रदान गर्ने भनिएको रू. ५०,०००।- वितरण गर्ने भनिएको सो कार्यक्रम कार्यान्वयनमा नै नआई आर्थिक वर्ष व्यतीत भैसकेको र त्यसपछिका आर्थिक वर्षहरूमा यस्तो कार्यक्रमलाई निरन्तरतासमेत प्रदान नगरिएको हुँदा सरकारको निर्णय कार्यान्वयनमा नै नआई अस्तित्त्व नै समाप्त भएको अवस्थामा रिट जारी गर्नुको कुनै अर्थ नरहने ।

बजेटमार्फत् कार्यक्रम सार्वजनिक गरिए पनि कार्यान्वयन नै नभएको र सो बजेट कार्यक्रमको कार्यान्वयन नभई समयसमेत व्यतीत भैसकेको यस अवस्थामा रिट जारी गर्दा निरर्थक हुनेसमेत हुनाले निवेदन खारेज हुने । साथै, यस अदालतबाट जारी भएको मिति २०६६।१०।५ को अन्तरिम आदेश कायम रहनसमेत नसक्ने भई निष्क्रिय हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल पुस १९ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६७-WO-११२८, प्रतिषेध, *विश्वनाथ साह कानू वि. मिथिलाप्रसाद साह कानूसमेत*

विश्वनाथ साह र मिथिलाप्रसाद साह दाजुभाइ भएका र यी दुई दाजुभाइले जीउधनको शान्तिसुरक्षा गरिपाऊँ भनी एकले अर्कोलाई

विपक्षी देखाई जिल्ला प्रशासन कार्यालय, महोत्तरीमा बेग्लाबेग्लै निवेदन दिएको देखिन्छ । जिल्ला प्रशासन कार्यालय, महोत्तरीले ती दुवै निवेदनमा आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालयमा पठाएको र सो कार्यालयले पनि दुवै पक्षलाई झिकाई छलफल गरी मिलाई दिनु भनी अस्थायी प्रहरी पोष्टलाई लेखी पठाएको देखिन्छ । शान्तिसुरक्षाको लागि निवेदकसमेतले माग गरेपछि शान्ति सुरक्षाको जिम्मा सम्हालेर बसेका निकाय जिल्ला प्रशासन कार्यालय तथा प्रहरी कार्यालयहरूले सो निवेदनबमोजिम दुवै पक्षलाई प्रहरी कार्यालयमा झिकाउँदा यी दाजुभाइको अंशसम्बन्धी एउटै घरजग्गाको विषयमा विवाद भएको र सो घरजग्गाको सम्बन्धमा सार्वजनिक स्थानमा विवाद झगडा नगरी मिलाउन भनी सम्झाउने कार्य भएको हो । निवेदक बसोबास गरिरहेको घर पसलबाट निकाला गर्ने वा धम्क्याउने कार्य नभएको र निवेदक सोही घर पसलमा नै हालसम्म बसेको भन्ने अवस्था देखिने ।

आ-आफैले शान्ति सुरक्षाको माग गरी दिएका निवेदनका आधारमा दुवैजनालाई प्रहरी कार्यालयमा झिकाई सम्झाई बुझाई गर्ने काम बाहेक अन्य कुनै कागज भए गरेको वा गराएको भन्ने निवेदक वा विपक्षीको लिखित जवाफबाट देखिन्न । सोही विवादित घरकोठा सम्बन्धमा यिनै निवेदकले पुनरावेदन अदालत, जनकपुरसमक्ष निषेधाज्ञाको निवेदन दिई कारवाही चलाएको र सो निवेदनमा अन्तरिम आदेशसमेत माग गरेकोमा अन्तरिम आदेश जारी नभएको र पछि निवेदन नै खारेज भएको भन्ने अवस्था छ । विवादित घर कोठाको विषयका सम्बन्धमा परेको निषेधाज्ञाको निवेदन नै खारेज भइसकेको यस अवस्थामा सोही विवादकै प्रस्तुत प्रतिषेधको मुद्दामा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल पुस १९ गते रोज ५ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** साधक नं. २०६८-RC-०११६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. घुरनराम (महरा) चमार*

शव परीक्षण प्रतिवेदन हेर्दा Cause Of death haemorrhage shock (due to internal bleeding) उल्लेख गरिएको पाइन्छ । प्रतिवादी घुरनराम चमारले श्रीमती कपलीदेवी राम चमारको अनुसन्धान अधिकारीसमक्ष गरिदिएको कागजमा मृतक मेदीराम चमार र मेरोबीचमा अनैतिक प्रेम सम्बन्ध रहेको कुरा मेरो पति प्रतिवादी घुरनरामले थाहा पाएको र सो सम्बन्धमा हामीबीच झगडासमेत भैरहन्थ्यो, निज मृतक र मेरोबीच अनैतिक प्रेम सम्बन्ध रहेको कारण थाहा पाई प्रतिवादीले मृतक मेदी रामलाई कर्तव्य गरी मारेका हुन् भनी कागज गरिदिएको देखिन्छ । त्यसैगरी लगन मोचीराम (महरा), रामचन्द्र मोची चमार, सीताराम मोची चमारले गरिदिएको कागजमा मृतक र प्रतिवादीकी श्रीमतीबीच अनैतिक सम्बन्ध रहेका कारण प्रतिवादी घुरनरामले मेदीरामलाई छुरा प्रहार गरी कर्तव्य गरी मारेका हुन् भनी उल्लेख भएको पाइन्छ । जाहेरवाली समुद्रीदेवी मोची चमारले सिरहा जिल्ला अदालतमा गरेको बकपत्रमा मेरो मृतक पतिको प्रतिवादी घुरनरामको श्रीमती कपलीदेवीसँग अनैतिक सम्बन्ध रहेको रिसइबीले

प्रतिवादी घुरनरामले मेरा पति मेदीरामको पेटमा छुरा हानी सोही कारणबाट निजको मृत्यु भएको हो भनी भनेको पाइन्छ । त्यसैगरी मौकामा कागज गर्ने लखन मोची, रामलाल चमारसमेतले सिरहा जिल्ला अदालतमा गरेको बकपत्रमा प्रतिवादी घुरनरामले आफ्नी पत्नी कपलीदेवीसँग मृतकको अनैतिक सम्बन्ध रहेका कारण छुरा प्रहार गरी मारेको हो भनी उल्लेख गरिदिएका र वादी पक्षका साक्षी चन्द्रकलादेवी रामले सोही कुरा पुष्ट्याई हुने गरी बकपत्र गरेको देखिँदा मृतक मेदीराम चमारको मृत्यु प्रतिवादी घुरनराम (महरा) चमारको कर्तव्यबाट भएको प्रतिवादीको साबिती बयानलगायत अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भई यी प्रतिवादी शङ्कारहित तवरबाट कसूरदार भएको प्रमाणित भएकोले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल साउन १८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** साधक नं. ०६९-RC-०१०९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विजय वि.क. समेत*

मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण (Cause of death) मा cause of death could be established with certainty due to availability of already autopsied body भनी उल्लेख भए तापनि लास जाँच मुचुल्कामा पछाडि पिठ्यूँमा ठूलो घाउ चोट, टाउकोमा नीलडाम उल्लेख भएको देखिन्छ । जहाँसम्म उक्त कुटपीटमा यी प्रतिवादीहरू संलग्न थिए थिएनन् भनी हेर्दा सहअभियुक्त डम्बरबहादुर रोकायाले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०६१।७।८ गते साँझ ६:३० बजेतिर विजय वि.क. र हरिलाल वि.क. मेरो घरमा आई गाउँघरतिर नाचगान गर्नु पर्‍यो जाऊँ भनेकोले म पछि आउँछु तिमीहरू हिँड्दै गर भनेपछि निजहरू गएको केही समयपछि म प्रेम वि.क.को खेतनिर पुग्दा मेरा साथी विजय वि.क. र हरिलाल वि.क.सँग कर्णबहादुर दमाई लडिरहेको देखेपछि विजय वि.क., हरिलाल वि.क. र मसमेत भै निजलाई कुटपीट गर्न लाग्यौं, कुटपीटपश्चात् निज कर्णबहादुर दमाई अब बाँच्दैन भनी सोही ठाउँमा छाडी आ-आफ्नो गाउँतर्फ लागेका हौं, पछि निजलाई उपचार गर्न लगेछन् भनी बयान गरेका र निज डम्बरबहादुर रोकायाले बाँके जिल्ला अदालतमा बयान गर्दासमेत यी प्रतिवादीहरू विजय वि.क. र हरिलाल वि.क.ले निज मृतक कर्णबहादुर दमाईलाई कुटपीट गरेका हुन् भनी बयान गरेको देखिन्छ । अनुसन्धानको सिलसिलामा बुझिएका घटना विवरण सम्बन्धमा कागज गर्ने सितली वि.क. र पप्पु वि.क., विजय परियार, खड्गबहादुर नेपाली, गोपीलाल परियारले कागज गर्ने यी प्रतिवादीहरू हरिलाल वि.क. र विजय वि.क. समेतले मृतकलाई कुटपीट गरी सोही चोटबाट निजको मृत्यु भएको हो भनी लेखाई दिएको एवं जाहेरवालीको जाहेरी सहअभियुक्त डम्बरबहादुर रोकायाको बयानबाट पुष्टि भएको पाईंदा यी प्रतिवादीहरू हरिलाल वि.क. र विजय वि.क.समेत उक्त वारदातमा संलग्न रहेको पुष्टि हुने ।

मृतक कर्णबहादुर दमाई र प्रतिवादीहरू हरिलाल वि.क. र विजय वि.क.का बीच पूर्व रिसइबी भएको नदेखिएको, कुटपीट हुँदा मार्ने मनसाय रहेको नदेखिएको र साङ्घातिक हातहतियार प्रयोग भएको स्थितिसमेत नदेखिएको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने

ठहर गरी प्रतिवादीहरूलाई सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखी मु.ऐ., अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १०(दश) सजाय हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०७० साल साउन १८ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६६-WO-०३३६, उत्प्रेषण, परमादेश, *सुधीरप्रसाद सिंह वि. नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय, दरबार मार्ग, काठमाडौंसमेत*

योग्यता प्रणालीले सबैलाई समानरूपमा हेर्दछ । कसैलाई भेदभाव गर्दैन । योग्यता प्रणालीले सबै योग्यताको कदर गर्दै उत्कृष्टलाई छनौट गर्दछ । नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा नियमावली, २०६२ समेत योग्यताका आधारमा पदस्थापना र बढुवा गर्न बनाइएको कानूनी दस्तावेज रहेको भन्ने देखिनाले सोही विनियमावलीअनुसार बढी अङ्क ल्याउने विपक्षी कन्हैयाकुमार मानन्धरको बढुवा भएको कुरालाई अन्यथा भन्न सकिने अवस्था नदेखिने ।

विपक्षी कन्हैयाकुमार मानन्धरले BE (Electrical) विषयमा स्नातक गरेको र सोही BE (Electrical) विषयको न्यूनतम् शैक्षिक योग्यतालाई आधार मानी Industrial Engineering and Management विषयको स्नातकोत्तर उपाधि प्राप्त गरेको देखिनुको अतिरिक्त सोही BE (Electrical Engineering) विषयलाई नै न्यूनतम् आधार मानी विपक्षी कन्हैयाकुमार मानन्धर तल्लो पदमा प्रवेश गरेको देखिँदा Industrial Engineering and Management विषयमा विपक्षी कन्हैयाकुमार मानन्धरको स्तानकोत्तर भएकै आधारमा निजले शैक्षिक योग्यताबापत ३ अङ्कसमेत प्राप्त गरी जम्मा ८७.०५ अङ्क प्राप्त गरेका र ती निवेदकले जम्मा ८६.४९ अङ्क प्राप्त गरेको देखिनाले बढुवाको योग्यताक्रममा निवेदक सुधीरप्रसाद सिँह विपक्षी कन्हैयाकुमार मानन्धरभन्दा अगाडि हुन् भन्ने कुरा देखिन आएन । त्यसका अतिरिक्त यी रिट निवेदक सुधीरप्रसाद सिँहको मिति २०६६।१२।१० मा नेपाल विद्युत प्राधिकरण प्राविधिक सेवाको तह ११ निर्देशक (प्राविधिक) पदमा जेष्ठताको आधारमा बढुवा गरिसकेको कुरा मिसिल संलग्न विद्युत प्राधिकरणको मिति २०६७।३।७ को पत्रसंख्या २०६६।०६७ (बढुवा) के.क. प्र.शा.च. नं. ७४६ को रिट निवेदक सुधीरप्रसाद सिँहलाई दिएको बढुवापत्रको प्रतिलिपि रहेको देखिएकोले निवेदकको मागबमोजिम रिट जारी हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः भाष्कर पंगेनी

इति संवत् २०७० साल असार १६ गते रोज १ शुभम् ।

- यसै लगाउको रिट नं. ०६६-WO-०३७७, उत्प्रेषणसमेत, *सुधीरप्रसाद सिंह वि. नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय, दरबार मार्ग, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ६

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WO-१०२०, उत्प्रेषण, *युगलकिशोर यादव वि. पुनरावेदन अदालत, जनकपुरसमेत*

कपाली साहूको हक जग्गामा होइन उसले लगानी गरेको साँवा र त्यसको ब्याजमा हुन्छ र त्यही साँवा ब्याज असूल उपर गर्न जग्गा समाउने हो र त्यसबाट असूल उपर गर्नेसम्मको उसको हक रहन्छ । लिलाम सकार विषयमा साहूले अरू साधारण व्यक्तिसरह लिलाम सकार गर्न आई अरूभन्दा बढी रकम बुभाएमा जग्गा प्राप्त गर्न सक्छ लिलाम हुँदा साहूले विशेष सुविधा वा सहुलियतमा पाइने अवस्था हुँदैन । उसले पाउने हक फैसलाबाट हुने र फैसलाले समातेको साँवा ब्याज पाउने भएको हुँदा सोभन्दा बढीमा वादी साहू निवेदकको हक हुने अवस्था नरहने ।

रिट आदेश कुनै व्यक्तिको कानून तथा संविधानप्रदत्त हकमा आघात परेको अवस्थामा उक्त हक अधिकारको प्रचलन गराई पूर्ण न्याय प्रदान गर्नको लागि जारी हुने हो तर प्रस्तुत मुद्दामा यी निवेदकले फैसलाबमोजिम पाउनु पर्ने साँवा ब्याज पाइरहेको अवस्थामा विभिन्न तर्क दिई लिलाम विरूद्ध आएको र निजलाई मर्का नै नपरेको, अन्याय नै नभएको अवस्थामा पूर्ण न्याय दिनुपर्ने अवस्था रहँदैन । आफ्नो कानून तथा संविधानप्रदत्त हकमा आघात परी न्याय प्राप्तिबाट विमुख हुने वा भएको अवस्थाको विद्यमानता नदेखिँदा र पुनरावेदन अदालत, जनकपुरले आफ्नो क्षेत्राधिकार ग्रहण गरी न्यायिक रोहबाट आदेश गरेको देखिँदा निवेदन मागबमोजिमको रिट आदेश जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कुवेर पाण्डे
कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल असार २७ गते रोज ५ शुभम् ।

## रीत/वेरीत आदेश

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** निवेदन नं. ०६९-RE-०२२०, कर्तव्य ज्यान, *लालमहमद भन्ने अतिउल्लाह वि. नेपाल सरकार*

प्रतिवादीले धारिलो हतियारले मृतक रेहाना खातुनलाई काटेको भन्ने जाहेरीमा उल्लेख भएकोमा के कस्तो धारिलो हतियारको प्रयोग भएको हो जाहेरीमा उल्लेख भएको पाइँदैन । प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारी र अदालतमा समेत वारदात भएको विषयमा मलाई थाहा थिएन, म घरमा सुतिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो । मैले रेहाना खातुनको कर्तव्य गरी हत्या गरेको होइन भनी आरोपित अभियोगमा इन्कारी बयान गरेको देखिन्छ । अनुसन्धान अधिकारीले सनाखत गराएको टिसर्टमा लागेको रगत मृतक रेहाना खातुनको रगतसँग मेल खाँदैन भन्ने Central Police Forensic Laboratory को मिति २०६९।०६।१८ को परीक्षण प्रतिवेदनबाट देखिन्छ । अनुसन्धानको क्रममा बुभिएका वस्तुस्थिति मुचुल्कासमेतमा बस्ने मानिसहरूले सुनी थाहा पाएको भन्ने लेखाएको देखिन्छ । मिसिल संलग्न अन्य तत्काल प्राप्त प्रमाणहरूबाट यी निवेदक प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने अवस्था विद्यमान रहेको देखिँदैन । यस्तो अवस्थामा निवेदक प्रतिवादी लालमहमद भन्ने अतिउल्लाहलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी शुरू रौतहट जिल्ला अदालतबाट मिति २०६९।६।१ मा भएको आदेश र सो आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।१०।१८ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । पछि प्रमाण बुभ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल प्रस्तुत

मुद्दाको पुर्पक्षका लागि निवेदक लालमहमदप्रसाद भन्ने अतिउल्लाहलाई मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम तारिखमा राखी कानूनबमोजिम मुद्दाको पुर्पक्ष गर्नू ।

इति संवत् २०७० साल असोज ९ गते रोज ४ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** निवेदन नं. ०६९-RE-०२०९, मानव बेचबिखन, *जितेन्द्रकुमार साह वि. नेपाल सरकार*

निवेदक प्रतिवादीले पीडितालाई विवाह गर्ने प्रलोभनमा पारी विदेशमा बिक्री गर्न मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेध गरेको, ऐ.को दफा ४(२) ख बमोजिमको कसूर अपराध गरेको सङ्कलित सबूद प्रमाणबाट पुष्टि भएकोले ऐ. ऐनको दफा १५(१)(ङ)(२) बमोजिम प्रतिवादीलाई सजाय गरिपाऊँ भन्ने प्रतिवादीउपरको अभियोग माग दावी रहेको देखिन्छ । शुरू उदयपुर जिल्ला अदालतले निवेदकलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेश र सो आदेशलाई पुनरावेदन अदालत, राजविराजले सदर गरेउपर ती वेरीतका आदेश बदर गरी तारिखमा रहन पाऊँ भन्ने निवेदक प्रतिवादीको निवेदन पर्न आएको देखियो ।

यी प्रतिवादी र पीडिताबीच विगत १ वर्षदेखि प्रेम सम्बन्ध रही निजलाई विवाह गरी भिनाजु अशेश्वर साहको घरमा लगेको हो, बिक्री गर्ने उद्देश्यले लगेको होइन भनी आरोपित अभियोग दावीमा इन्कार रही प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारी र अदालतमा समेत बयान गरेको पाइन्छ । प्रतिवादीले पीडितालाई बिक्री गर्नका लागि कुनै अमुक ठाउँ वा होटलमा राखेको वा को कसलाई के कति रूपैयाँमा बिक्री गर्न लागेको हो सो कुरा मिसिलबाट देखिँदैन । वस्तुस्थिति मुचुल्कामा बस्ने व्यक्तिहरूले निवेदकले पीडितालाई विवाह गरेको हुन्, बिक्री गर्न लगेको होइन भनी लेखाई दिएका छन् । पीडिता र यी प्रतिवादीका बीच मोबाइलमा म्यासेज आदान प्रदान भएको मिसिलबाट देखिन्छ । पीडितालाई ललाई फकाई निवेदकले बिक्री गर्न लगेको हो भन्ने मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट नदेखिएको अवस्थामा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी शुरू उदयपुर जिल्ला अदालतबाट मिति २०६९।०९।२५ मा भएको आदेश र सो आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।११।१७ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल प्रस्तुत मुद्दाको पुर्पक्षका लागि निवेदक जितेन्द्रकुमार साहलाई मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम तारिखमा राखी कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल असोज ९ गते रोज ४ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** निवेदन नं. ०६९-RE-०२१२, ज्यान मार्ने उद्योग क्षेत्र, *उमाकान्त मण्डल वि. नेपाल सरकार*

प्रतिवादीले जाहेरवालीका पति चुमन सिँह भन्ने सुमरेन्द्रकुमार सिँहलाई ज्यान मार्ने उद्देश्यले जोखिमी हतियारले टाउकोलगायत शरीरका विभिन्न भागमा प्रहार गरी ज्यान मार्ने उद्योग गरी ज्यानसम्बन्धी महलको १ र १५ नं. तथा रू. १,५०,०००।- डाँका गरेकोले चोरीको महलको १ नं. र ६ नं. विपरीतको कसूर अपराध गरेकाले प्रतिवादी उमाकान्त मण्डललाई ज्यानसम्बन्धी महलको १५ र चोरीको १४(४) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने प्रतिवादीउपरको अभियोग दावी रहेको देखिन्छ । शुरू सप्तरी जिल्ला अदालतले निवेदकलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेश र सो आदेशलाई पुनरावेदन अदालत,

राजविराजले सदर गरेउपर ती वेरीतका आदेश बदर गरी तारिखमा रहन पाऊँ भन्ने निवेदक प्रतिवादीको निवेदन पर्न आएको देखियो ।

निवेदक प्रतिवादीले जाहेरवालीका पति चुमन सिँहलाई के कुन कस्तो हतियारले शरीरको कुन भागमा प्रहार गरे भन्ने जाहेरी दरखास्तको व्यहोराबाट देखिँदैन । निवेदकले मौकामा अधिकारप्राप्त अधिकारी र अदालतमा समेत मिति २०६९।३।६ गते वारदातका समयमा म आफ्नै घरमा थिएँ । वारदातमा संलग्न थिइन, घटना भएको मिति २०६९।३।७ गते बिहान मात्र थाहा पाएको हुँ । मैले जोहरीमा उल्लिखित रकम डाँका गरेको होइन भनी आरोपित अभियोगमा इन्कारी बयान गरेको देखिन्छ । घाउ जाँच केश फाराम हेर्दा जाहेरवालीका पति चुमन सिंहलाई चोट लागेको देखिन्छ । तर ती चोटहरू मर्नसक्ने सम्मका( Fatal) भएको भन्ने तत्काल प्राप्त मिसिल संलग्न घाउ जाँच केश फारामबाट देखिँदैन । यस्तो स्थितिमा निवेदकलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने अवस्था विद्यमान रहेको देखिँदैन । शुरू सप्तरी जिल्ला अदालतले निवेदकलाई मिति २०६९।४।३२ मा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेश र सो आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।८।२१ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल प्रस्तुत मुद्दाको पुर्पक्षका लागि निवेदक उमाकान्त मण्डललाई मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम तारिखमा राखी कानूनबमोजिम मुद्दाको पुर्पक्ष गर्नु ।

इति संवत् २०७० साल असोज ९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RE-०१८२, कर्तव्य ज्यान, *रामकुमार भन्ने रोशन थापासमेत वि. नेपाल सरकार*

जिल्ला कारागार शाखा धुलिखेलमा थुनामा रहेको रामकुमार भन्ने रोशन थापा तथा राजेन्द्र भन्ने होमबहादुर थापाको एक तथा कारागार कार्यालय, भद्र बन्दीगृह काठमाडौंमा थुनामा रहेकी रमा अधिकारी भन्ने रमा थापाको एकसमेत दुई अ.बं. १७ बमोजिम पुनरावेदन अदालत, पाटनको आफूहरूलाई पुर्पक्षका लागि थुनामा राख्ने गरी मिति २०६९।८।८ को आदेश बदर गरिपाउन परेको निवेदन र सोको सन्दर्भमा काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट प्राप्त प्रतिवेदन तथा संलग्न कागजात अध्ययन गरियो ।

उपरोक्त सन्दर्भमा अ.बं. ११८(२) को सीमाभित्र रही निवेदक/प्रतिवादीहरू राजेन्द्र भन्ने होमबहादुर थापा तथा रमा अधिकारी भन्ने रमा थापाका हकमा विचार गर्दा जिल्ला अदालतले थुनछेक आदेश गर्दाका बखत मिसिल संलग्न जाहेरी व्यहोरा, तत्काल सम्पन्न मुचुल्का, बुझिएका व्यक्तिहरूको कथनसमेतका तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादीहरूका हकमा शङ्काबाहेक अन्य अवस्था नदेखिई कसूरदार नै हुन् भन्न सकिने मनासिब आधार नदेखिएबाट पछि ठहरेबमोजिम हुने नै हुँदा मृतककी जेठानी प्रतिवादी रमा अधिकारी भन्ने रमा थापा मृतकका जेठाजु प्रतिवादी राजेन्द्र थापालाई पुर्पक्षका लागि थुनामा राख्ने पुनरावेदन अदालतसमेतको आदेश हाल वेरीतको देखिँदा सो हदसम्म बदर गरिदिएको छ । अ.बं. ४७ नं. बमोजिम निजहरूलाई साधारण तारिखमा राखी मुद्दाको कारवाही शीघ्र अगाडि बढाउनू ।

साथै, निवेदक/प्रतिवादी रामकुमार भन्ने रोशन थापाका हकमा विचार गर्दा जिल्ला अदालतले थुनछेक आदेश गर्दाको बखत मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी रामकुमार भन्ने रोशन थापाका हकमा मृतक सीता भण्डारीको लास फेला परेलगत्तै दायर जोहेरीमा मृतकले सेवन गरेको

भनिएको विषादीको उल्लेखन तथा अधिकारप्राप्त अधिकारीसमक्ष निजले गरेको बयानमा मृतकको मोबाइल फोन आफूले प्रयोग गरेको प्रसङ्गसमेतका आधारमा निजका हकमा भने अ.बं. ११८(२) को पुर्पक्षका लागि थुनामा राख्न नमिल्नेसम्मको अवस्था नदेखिएकोबाट मृतकका पति यी प्रतिवादी रामकुमार भन्ने रोशन थापाको हकमा पुनरावेदन अदालतबाट पुर्पक्षका लागि निजलाई थुनामा राख्ने गरी भएको आदेश तत्काल प्राप्त प्रमाणका सन्दर्भमा हाल वेरीतको नदेखिँदा निजका हकमा पछि ठहरेबमोजिम हुने नै हुँदा सो हाल परिवर्तन गर्नु परेन, कानूनबमोजिम गर्नू।
इति संवत् २०७० साल असोज १ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-AP-०५३४, नाता कायम, *टीका राई वि. सुमन भन्ने विक्रम श्रेष्ठ*

यसमा जिल्ला अदालतले वादी टीका र प्रतिवादी विक्रमबीच लोग्ने स्वास्नीको नाता कायम हुने निर्णय गरेउपर प्रतिवादीको पुनरावेदन पर्दा सो इन्साफलाई पुनरावेदन अदालतले उल्टी गरेको देखिन्छ। पुनरावेदन अदालतको ठहर खण्डमा कसैलाई पनि सजाय हुने ठहर नगरेकोमा तपसिल खण्डमा जरीवानाको अङ्क उल्लेख गरी सो जरीवानाको अङ्कको आधारमा पुनरावेदन नलाग्ने भनी पुनरावेदनको म्याद नदिएको देखियो। प्रस्तुत विवादमा न्याय प्रशासन ऐन, २०४८ को संशोधित दफा ९(१)(ग) अनुसार पुनरावेदन लाग्ने हो वा होइन भन्नेतर्फ विचार गर्दा उक्त दफामा पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरीवाना भएको वा बिगो नखुलेको मुद्दामा शुरू अदालत वा निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले केही वा पूरै उल्टी गरेको अवस्थामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने अवस्था देखिन्छ।

तर, प्रस्तुत मुद्दामा फैसलाको ठहर खण्डमा कुनै जरीवाना नगरी तपसिल खण्डमा यदि जरीवाना भएको भए यति हुन्थ्यो भन्ने कोरा अनुमान गरिएकै आधारमा रू. २५,०००।- भन्दा कम जरीवाना भएको मानी पुनरावेदन नलाग्ने तर्कलाई न्याय प्रशासन ऐन, २०४८ को संशोधित दफा ९(१) (ग) ले नसमेट्ने हुँदा पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१२।२६ को फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने देखिँदा सोको विपरीत सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(२) बमोजिम दरपीठ आदेश गर्ने गरेको यस अदालतका सहरजिष्ट्रारको मिति २०७०।३।२७ को आदेश मिलेको नदेखिँदा सो आदेश बदर गरिदिएको छ। पर्न आएको पुनरावेदन पत्र नियमबमोजिम दर्ता गर्नू।
इति संवत् २०७० साल असोज ४ गते रोज ६ शुभम्।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०७०-WS-००२२, उत्प्रेषण (अन्तरिम आदेश सम्बन्धमा), *अधिवक्ता विश्वप्रकाश भण्डारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

यसमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ मा संविधानसभाको सदस्य हुनका लागि कुनै पनि व्यक्तिले देहायका योग्यता पूरा गरेको हुनुपर्दछ भनी व्यवस्था भै सोको खण्ड(क) मा नेपाली नागरिक, (ख) मा कम्तीमा पच्चीस वर्ष उमेर पूरा गरेको (ग) मा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको, (ग१) मा कुनै कानूनले अयोग्य नभएको र खण्ड (घ) मा कुनै लाभको पद धारण नगरेको भनी व्यवस्था गरेको पाइन्छ। निवेदनमा उल्लिखित संवत् २०७० सालको अध्यादेश नं. ४ संविधानसभा सदस्यको निर्वाचनका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशको दफा १९ मा उम्मेदवारको अयोग्यता

सम्बन्धमा सो अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ भनी सो दफाको खण्ड(क) देखि (छ) सम्ममा निम्नअनुसार व्यवस्था भएको छ:-

क) मतदाता नामावलीमा नाम समावेश नभएको,
ख) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,
ग) निर्वाचनसम्बन्धी प्रचलित कानूनबमोजिम सजाय पाई सो सजाय पाएको मितिले दुई वर्ष भुक्तान नगरेको,
घ) भ्रष्टाचार, जवर्स्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण वा राहदानी दुरूपयोगसम्बन्धी कसूरमा अदालतको अन्तिम फैसलाबाट सजाय पाएको,
ङ) ज्यानसम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वश्वसहित जन्मकैद वा जन्मकैदको सजाय पाएको,
च) बैंक तथा वित्तीय संस्थाको ऋण नियतवश नतिरी प्रचलित कानूनबमोजिम कालो सूचीमा रहेको,
छ) मगज बिग्रेको

निवेदकले आफ्नो दावीमा माथि उल्लिखित अध्यादेशको दफा १९(ङ) लाई मात्र अमान्य र बदर गराउन माग गरे पनि सो दफाका अन्य खण्डमा व्यवस्था भएका अयोग्यतासम्बन्धी विषयहरू बदर वा अमान्य घोषित गराउन माग गरेको नदेखिनाले उक्त ऐनको सो दफाले उम्मेदवारको अयोग्यतासम्बन्धी व्यवस्था अध्यादेशअनुसार गर्न पाउने कुरामा विवाद उठाएको पाईंदैन ।

अन्तरिम संविधानको धारा ६५(ग१) को व्यवस्थाबाट समेत कुनै कानूनले अयोग्य नभएको व्यक्ति मात्र सदस्य हुनको लागि योग्य हुने कुरा स्पष्ट छ र संविधान एवं राजनीतिक द्वन्द्व समाधानका निमित्त संविधानमा उल्लिखित विस्तृत शान्ति सम्झौताबमोजिम हुनुपर्ने कुरा सोहीअनुसार नै हुने भन्ने कुरा पनि स्पष्ट छ ।

अतएव माथि उल्लिखित अध्यादेश कानूनद्वारा निर्धारित व्यवस्थाबमोजिम आएको कुरामा निवेदकसमेतले कुनै प्रकारको विवाद नउठाएकोले उक्त अध्यादेशको दफा १९(ङ) को व्यवस्थाअनुसार अयोग्य देखिने व्यक्तिलाई प्रारम्भिक तवरले हेर्दा कानूनसम्मत् नभएको भन्न सकिने अवस्था देखिएन । यसका अतिरिक्त प्रस्तुत रिट निवेदन कुनै व्यक्तिका तर्फबाट नपरी सार्वजनिक सरोकारको विषय भनी परेकोले तत्काल नै कसैको व्यक्तिगत मौलिक अधिकारमाथि असर परिसकेको समेत भन्न नसकिने ।

त्यसकारण, प्रस्तुत रिट निवेदनमा लिखित जवाफ परेपछि निवेदन माग सम्बन्धमा सम्पूर्णरूपले विचार भै दावीबमोजिम सो व्यवस्था अवैध वा वैध ठहर्ने वा रिट जारी हुने वा नहुने सम्बन्धमा निष्कर्षमा पुगिने हुँदा सो अध्यादेशको जारी प्रक्रियातर्फ चित्त बुझाई सो अध्यादेशको दफा १९(ङ) लाई मात्र बदर गराई पाउन माग गरेको प्रस्तुत निवेदन माग दावी सम्बन्धमा निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गर्न नमिली मिति २०७०।६।७ को यस अदालत एकल इजलासबाट जारी भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिनु नपर्ने ।

इति संवत् २०७० साल असोज १० गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की,** रिट नं. ०७०-WO-०२१३, उत्प्रेषण, *विष्णुप्रसाद तिमिल्सिना वि. पुनरावेदन अदालत, पाटनसमेत*

निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।४।१६ मा निवेदन नं. ०६९-WO-

०९५९ को निषेधाज्ञाको मुद्दामा भएको फैसलाउपर यस सम्मानीत अदालतमा मिति २०७०।४।३१ मा पुनरावेदन दर्ता भई विचाराधीन रहेको अवस्था हुँदा उक्त पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०७०।४।१६ को फैसला कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असोज १ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की,** रिट नं. ०७०-WO-०२१२, उत्प्रेषण, *मीनबहादुर अर्यालसमेत वि. मालपोत कार्यालय, भक्तपुरसमेत*

निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा यी निवेदकहरूलाई बुझ्दैनबुझी यसभन्दा पूर्व मिति २०४७।१।५ मा तत्कालीन अख्तियार दुरूपयोग निवारण आयोगमा सोही विषयमा एकपटक उजूरी परी छानबीन भई फुकुवासमेत भएको विषयलाई पुनः मिति २०७०।३।३१ मा निवेदकहरूको हकभोग भएको जग्गालाई नेपाल सरकारका नाममा दर्ता गर्ने जस्तो ठाडो आदेश अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ को खण्ड (ख) समेतको प्रतिकूल हुने गरी आदेश गरेको हुँदा उक्त मिति २०७०।३।३१ को अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आदेश प्रस्तुत निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी जारी हुने ।

इति संवत् २०७० साल असोज १ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०२२२, परमादेश, *कृष्णप्रसाद सिग्देलसमेत वि. कुलपति, पूर्वाञ्चल विश्वविद्यालयसमेत*

यसमा माग भएको अन्तरिम आदेशका हकमा विचार गर्दा पूर्वाञ्चल विश्वविद्यालयमा २०६९ सालदेखि विभिन्न मितिमा विभिन्न माग राख्दै तालाबन्दी भएको अवस्थाले आफ्नो र पच्चीसौं हजार विद्यार्थीहरूको शिक्षा पाउने हक अपहरित भैरहेको भन्दै तत्काले तालाबन्दी खुलाई पाउन अन्तरिम आदेशको माग भएको रहेछ । विभिन्न वर्गका विभिन्न मागका विषयमा निकास खोज्ने पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा १० को प्राज्ञिक परिषद्समेतका अतिरिक्त नेपाल सरकार, शिक्षा मन्त्रालयसमेतका कानूनी निकायको सक्रियता अपेक्षित भए तापनि कुनै पनि बहानामा विद्यार्थीको शिक्षा पाउने हक र परीक्षा दिन पाउने तथा परीक्षाफल प्राप्त गर्ने हक अपहरित हुन पुग्दा निवेदकसमेतलाई अपूरणीय क्षति पुग्न जाने तथा यी कार्यहरू अविलम्ब सुचारू गर्नु, गराउनु र पठनपाठन एवं परीक्षासम्बन्धी कार्य सञ्चालन गर्न गराउनका लागि गरिने आवश्यक प्रबन्धमा कुनै व्यवधान खडा नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असोज ६ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WO-०२४१, उत्प्रेषण, *बासुदेव उपाध्याय वि. पुनरावेदन अदालत, विराटनगरसमेत*

निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा मोरङ जिल्ला अदालतका तहसीलदारले मिति २०६९।११।२१ म गरेको पञ्चकृते मूल्याङ्कनमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(४) र ७५(५) बमोजिम रोहबर साक्षी नराखिएको वेरीतको पञ्चकृते मूल्याङ्कन मुचुल्काका आधारमा लिलाम बढाबढको कामकारवाही भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिनाले सुविधा सन्तुलनको दृष्टिकोणबाट यो निवेदनको टुङ्गो नलागेसम्म डाक लिलामको कारवाही अगाडि नबढाउनु, डाक लिलामी नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असोज ९ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WO-०२३९, उत्प्रेषण, *बमप्रसाद गिरीसमेत वि. गुठी संस्थान केन्द्रीय कार्यालयसमेत*

सनातनदेखि पूजाआजा गरिआएका निवेदकहरूलाई पूजाआजा गर्नबाट रोक लगाएकोले पूजा गर्न दिनु भन्नेसमेत अन्तरिम आदेश जारी गरिपाऊँ भन्ने निवेदन माग सम्बन्धमा विचार गर्दा यी निवेदकहरू गुठी संस्थानबाट पुजारीमा नियुक्ति पाएको देखिएकोले प्रस्तुत निवेदनको टुङ्गो नलागेसम्म यी निवेदकहरूलाई हलेसी महादेव मन्दिरमा सनाखतदेखि चलिआएबमोजिमको पूजाआजा गर्नबाट रोकटोक नगर्नु मन्दिर प्रवेश गर्नबाट निषेध नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असोज ९ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WO-०२३६, उत्प्रेषण, *उपभोक्ता संरक्षण मञ्च नेपालसमेत वि. जिल्ला विकास समिति, कञ्चनपुरसमेत*

प्रस्तुत निवेदनमा विपक्षीहरूले आयातित सामानहरूमा गैरकानूनी कर असूली गरिरहेकोले तत्काल असूलीबाट रोकीपाऊँ भनी अन्तरिम आदेशसमेतको माग गरेको सम्बन्धमा विचार गर्दा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०७ को उपनियम २ को (क) बमोजिम आयात गरिएका कुनै पनि वस्तुमा कर लिन पाइने छैन भनी स्पष्ट व्यवस्था भैरहेकोले निवेदन मागबमोजिम यस निवेदनको अन्तिम टुङ्गो नलागेसम्म बाहिरी जिल्ला वा विदेशबाट पैठारी हुने माल वस्तुमा कुनै किसिमको कर दस्तूर नलिनु लिन नलगाउनुको साथै त्यस्ता वस्तुमा समेत स्थानीय कर शुल्क लिन पाउने गरी प्रत्यर्थीहरूको बीचमा भएको मिति २०७०।४।१ को सम्झौतासमेत सो हदसम्म कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७० साल असोज ९ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WO-०२३७, उत्प्रेषण, *नेकपा मालेको के.का.को तर्फबाट अ.प्रा. देउमान सम्बाहाम्हे वि. निर्वाचन आयोगसमेत*

नेपाल कम्युनिष्ट पार्टी (माले) को राजनीतिक दल दर्ताको निवेदन सि.नं. ५ मा दर्ता भएको देखिन आउँछ तर विपक्षी निर्वाचन आयोगको मिति २०७०।४।९ को निर्णयअनुसार नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) को नाम क्रमसंख्या १० मा उल्लेख भई सो पार्टीलाई हँसिया र तारा निर्वाचन चिह्न प्रदान गरेको देखिन आयो । यसरी राजनीतिक दल दर्ताको सि.नं. को आधारमा नै क्रमसंख्या ५ मा निवेदक नेकपा (माले) को नाम समावेश गर्नुपर्नेमा सो नगरी क्रमसंख्या दशमा राखेको कारण र आधार प्रष्ट नखुलेको अवस्थामा यस सम्बन्धमा निर्वाचन आयोगबाट मिति २०७०।४।९ मा गरेको निर्णय पुनरालोकन गरी क्रम संख्या मिलान नगरेसम्म उक्त मिति २०७०।४।९ को निर्णयबमोजिम दलहरूको क्रमसंख्या यथावत्‌रूपमा कायम राख्न नमिल्ने र क्रमसंख्या बाझिन गएको अवस्थामा समेत परिस्थिति भिन्न हुनसक्ने हुँदा विपक्षी निर्वाचन आयोगबाट पुनरालोकन गरी क्रमसंख्या नमिलाएसम्म यस अदालतबाट ०७०-WO-०१८५ को यसै विषयको मुद्दामा भएको आदेशबमोजिम राजनीतिक दल दर्तासम्बन्धी सि.नं. नराखी उक्त मिति २०७०।४।९ को फरक क्रमसंख्या उल्लेख गरेको निर्णयको आधारमा तत्काल कुनै कामकारवाही अगाडि नबढाउनु भनी विपक्षी निर्वाचन आयोगको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असोज ९ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WO-०२३०, उत्प्रेषण, *विन्देश्वर ठाकुर वि. पुनरावेदन अदालत, जनकपुरसमेत*

यसमा अन्तरिम आदेशसमेतको माग गरेको सम्बन्धमा विचार गर्दा, कानूनबमोजिम डाँक बढाबढ भई लिलामसमेतको कार्य २०६९।५।३ मा समाप्त भैसकेको र विवादित जग्गाा वादीको नाममा दाखिल खारेज नभएको अवस्थामा प्रतिवादीद्वारा ऐनले तोकेबमोजिमको वादीले पाउने साँवा ब्याजसमेतको रकम अदालतसमक्ष धरौट दाखिल गरी धरौट रकम फिर्ता गरिदिनु भन्ने पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।५।१३ मा भएको आदेश कार्यान्वयन भई गएमा निवेदकलाई अपूरणीय क्षति हुन जानसक्ने देखिँदा सुविधा सन्तुलनको दृष्टिकोणबाट समेत प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।५।१३ मा भएको आदेश कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असोज ७ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WO-०२२८, उत्प्रेषण, *देवीभक्त लम्साल वि. दिलीप सिंह धामीसमेत*

शुरू जिल्ला अदालतबाट लेनदेन मुद्दामा भएको फैसलाबमोजिम बिगो भरिभराउसमेतको कार्य प्रक्रियासङ्गतरूपमा रहँदाकै अवस्थामा सोही भरिभराउको जरियाबाट उठेको विषयलाई नै लिएर अन्तरिम आदेशसमेतको माग गर्दै पर्न आएको निवेदनमा प्रतिवादीको कम्पनीको नाममा रहेको उल्लिखित जग्गाहरू फुकुवा भई आएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने अवस्था सिर्जना हुनसक्ने देखिँदा, सुविधा सन्तुलनको दृष्टिकोणबाट समेत निवेदन मागबमोजिम प्रस्तुत रिट निवेदनमा अन्तिम टुङ्गो नलागेसम्म रोक्का रहिरहेको जग्गाहरू फुकुवा गर्ने गरी पुनरावेदन अदालत, दिपायलबाट मिति २०७०।४।१७ मा भएको देखिँदा कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असोज ७ गते रोज २ शुभम् ।

११

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०७०-WO-०२२६, उत्प्रेषण, *नेपाल आर्थिक तथा व्यापारिक केन्द्र प्रा.लि. र हिम कन्सल्टको ज्वाइन्ट भेञ्चरको तर्फबाट अख्तियारप्राप्त कुमार पाण्डे वि. ऊर्जा मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

अन्तरिम आदेशको माग भएतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा निवेदकले २०६८।९।१९ मा विद्युत उत्पादनको अनुमतिका लागि दिएको दरखास्त विपक्षीले मिति २०७०।२।२६ मा रद्द गरी निवेदकलाई पत्राचार गरेको देखिएको सोअघि निवेदकले मिति २०६३।९।२३ मा पाएको विद्युत सर्वेक्षण अनुमतिपत्रको वार्षिक नविकरण मिति २०६७।५।२ देखि मिति २०६८।९।२२ सम्मको नविकरणको लागि माग गरेकोमा निवेदन दिएको करीब १५ महिनापछि विपक्षीले मिति २०६९।१०।८ मा मात्र निवेदकको सर्वेक्षण अनुमतिपत्र मिति २०६८।८।२२ सम्म कायम गर्ने विवादास्पद निर्णय गरेको देखिन्छ । अतः विपक्षी यस्तो कामकारवाहीबाट निवेदकले गरेको ठूलो लगानीको कारण निजलाई अपूरणीय क्षति पुग्ने देखिएकोले यसै प्रकृतिको यस अदालतमा विचाराधीन २०६९-WO-११९२ नम्बरको रिट निवेदनमा मिति २०७०।२।६।२ मा भएको अन्तरिम आदेश र २०९.-WO-०६७८ नम्बरको रिट निवेदनमा मिति २०६९।९।१७।३ मा भएको अन्तरिम आदेशसमेतलाई मध्यनजर गरी प्रस्तुत निवेदनको अन्तिम टुङ्गतयसे नलागेसम्म विपक्षीको मिति २०७०।२।१७।३ को निर्णय कार्यान्वयन नगर्नु, नगराउनु र उक्त परियोजना तत्काल कुनै प्रकारको अनुमतिपत्र अन्य कसैलाई नदिनु, नदिलाउनु र निवेदक कम्पनीलाई निर्वाधरूपमा अनुमतिपत्रको पाँच वर्षको अवधिसम्म गर्नुपर्ने सबै कार्य गर्न दिनु, कुनै हस्तक्षेप नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असोज ८ गते रोज ३ शुभम् ।

# नेपालगञ्जमा नेपाली भाषाको भाषिक प्रशिक्षण



प्रशिक्षण कार्यक्रमको शुभारम्भ गर्नुहुँदै पुनरावेदन अदालत, नेपालगञ्जका माननीय मुख्य न्यायाधीश श्री केशवप्रसाद मैनाली

यही २०७० साल असोज ३ गतेदेखि ५ गतेसम्म सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिले पुनरावेदन अदालत, नेपालगञ्जमा इजलास अधिकृत तथा सहायक कर्मचारीहरूको तीनदिने भाषिक प्रशिक्षण कार्यक्रम सम्पन्न गऱ्यो । सो कार्यक्रमको शुभारम्भ पुनरावेदन अदालत, नेपालगञ्जका माननीय मुख्य न्यायाधीश श्री केशवप्रसाद मैनालीले गर्नु भएको थियो । सो अवसरमा आफ्नो मन्तव्य दिँदै उहाँले अदालतबाट तयार हुने लिखतहरू भाषिकरूपमा शुद्ध र त्यसबाट प्रभावित व्यक्तिले सजिलैसँग बुझ्न सक्ने हुनुपर्दछ । बिहानीको सूर्योदयसँगै राष्ट्रिय भाषाका बारेमा केही कुरा सुन्न र सिक्न पाउनु आफैँमा गौरवको विषय भएकाले यस कार्यक्रमबाट भरपूर ज्ञान हासिल गर्नु हुन प्रशिक्षार्थीहरूलाई आग्रह गर्नुभयो । उहाँले स्वयंलाई प्रशिक्षार्थीका रूपमा प्रस्तुत गर्नु हुँदै एउटा चिकित्सकको प्रयोगशालामा रगत जाँच गर्दा सही प्रतिवेदन खोजी गर्न जसरी हामी आतुर देखिन्छौँ, त्यसरी नै नेपाली भाषाको पनि रौंचिरा विश्लेषण गरी सही मूल्याङ्कन गर्न सक्नुपर्छ भन्नुभयो । नेपाली भाषाको लेखनमा शुद्धशुद्धीतर्फ ध्यान दिनु आफैमा सकारात्मक पक्ष हो । अदालतबाट हुने आदेश, फैसलामा मात्र नभई बयान, बकपत्रलगायत कार्यालयबाट हुने पत्राचारमा पनि हामी त्यति नै चनाखो हुनुपर्दछ । शुद्धाशुद्धीका कुराहरू सबै क्षेत्रमा हुनुपर्दछ । अदालतबाट भएको निर्णयले एकपक्षको हार र अर्को पक्षको जीत त हुन्छ नै तर त्यसमा उद्धरण भएका वाक्य संरचना तथा शुद्धाशुद्धीले फैसला कार्यान्वयन सहज र सरल हुनेतर्फ हामी सबै सजग हुनुपर्दछ । भाषा आफैँमा सभ्यताको प्रतीक पनि हो र यो सरल सम्प्रेषणको माध्यम हुनुपर्दछ । फैसला लेखनमा भाषागत शुद्धताको

सम्मृध्दि र गौरव खोज्नुपर्दछ । भाषिक मर्यादाको अभ्यास टुट्दै गएको अहिलेको अवस्थामा यसप्रकारको प्रशिक्षणले फैसला लेखनका क्षेत्रमा कार्यरत् हाम्रा कर्मचारीहरूको पुनरताजगीसमेत हुने भएकाले समय-समयमा यस प्रकारका कार्यक्रम हुनुपर्नेमा उहाँको जोड थियो । आदेश र फैसलामा लेखिएका भाषाले ल्किष्टतालाई सरल बनाउन र भाषिक कमजोरीको न्यूनीकरण गर्न यस्ता प्रशिक्षण कार्यक्रम समय-समयमा हुनुपर्दछ । सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिले अत्यन्त महत्वपूर्ण यस क्षेत्रको पहिचान गरी यो कार्यक्रम आयोजना गरेकोमा हर्ष प्रकट गर्दै न्यायाधीशहरुको तहसम्म पनि यस प्रकारका कार्यक्रमको आवश्यकता रहेको विचार व्यक्त गर्नुभयो ।

यसैक्रममा सहप्राध्यापक श्री गोविन्द घिमिरेले कानूनी नेपाली भाषा आफ्नै प्रकृतिको छ । विकासको क्रमसँगै कानूनी भाषाको विकास गर्ने क्रम अगाडि नै देखिन्छ । कानूनी नेपाली भाषाको भाषिक विश्लेषण गर्ने आधारको खोजी आयोजक समितिबाट भएको छ । कायस्थहरूले तयार गरेको हस्तलिपि अपभ्रंश भएर काइते भएको छ जसले भाषामा नकारात्मक सन्देश जानेछ । अर्थ विस्तार र अर्थ संकोचको महत्व पनि त्यतिकै रहन्छ । पहिला कुनै पनि कार्यालयलाई अड्डा भनिन्थ्यो भने हाल अड्डाले अदालतलाई इंगित गर्दछ । अति व्याप्ति र अव्याप्ति दोषहरु पनि भाषामा रहेका हुन्छन् । असङ्गत प्रयोग, अनावश्यक प्रयोग र अस्पष्ट प्रयोग गर्न नहुने कुरा उहाँले राख्नु भएको थियो । यस कार्यक्रममा समितिका सदस्य तथा सर्वोच्च अदालत अनुसन्धान महाशाखा प्रमुख सहरजिष्ट्रार श्री लालबहादुर कुँवरले सहभागी सबैलाई स्वागत गर्नुहुँदै यस प्रशिक्षणले कानूनी नेपाली भाषाको उचित प्रयोग र सीप विकासमा ठोस योगदान पुऱ्याउने कुरा औंल्याउँदै कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नु भएको थियो । सो कार्यक्रमको सञ्चालन सम्पादन तथा प्रकाशन समितिका सचिव श्री राजन वास्तोलाद्वारा भएको थियो ।

कार्यक्रममा पुनरावेदन अदालतका माननीय न्यायाधीशहरु श्री प्रकाशकुमार ढुंगाना, श्री रामकृष्ण खनाल, श्री रामकृष्ण भट्ट, श्री अवधविहारी प्रसाद सिँह तथा बाँके जिल्ला अदालतका माननीय न्यायाधीशहरु श्री हरिप्रताप के.सी., श्री अम्बरराज पौडेल, श्री धर्मराज पौडेल, श्री सूर्यनाथ प्रकाश अधिकारी, श्री ध्रुवकुमार पिया तथा पुनरावेदन अदालत, नेपालगञ्जका नि.रजिष्ट्रार श्री दिलप्रसाद सापकोटा तथा अन्य अधिकृतहरुको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू कम्प्युटर अधिकृत श्री शम्भुप्रसाद आचार्य, ना.सु. श्री कृष्णबहादुर गुरुङ, सि.क.श्री ध्रुव सापकोटा समेतको सहभागिता रहेको थियो । भाषाविज्ञद्वय नेपाल ल क्याम्पसका सहप्राध्यापक श्री गोविन्दप्रसाद घिमिरे तथा काठमाडौं स्कूल अफ लका उपप्राध्यापक श्री रामचन्द्र फुँयालले प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु भएको थियो । प्रशिक्षण कार्यक्रममा पुनरावेदन अदालत, तुलसीपुर र सो अन्तर्गतका रुकुम, रोल्पा, सल्यान, प्यूठान र दाङ जिल्ला अदालत, पुनरावेदन अदालत सुर्खेत र सो अन्तर्गतका जाजरकोट र सुर्खेत जिल्ला अदालत, पुनरावेदन अदालत नेपालगञ्ज र सो अन्तर्गतका बर्दिया र बाँके जिल्ला अदालतका कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा प्रशिक्षार्थीहरूलाई विभिन्न अध्ययन सामग्री उपलव्ध गराइएको थियो । ती सामग्री *सअ बुलेटिन,* २०७०, वैशाख २ मा प्रकाशित पनि छन् । दुवै तहका लागि निर्धारित पाठ्यक्रम भने *सअ* बुलेटिन २०६९, मंसिर २ मा प्रकाशित छन् । उक्त प्रशिक्षण कार्यक्रममा व्यावहारिक कक्षा पनि सञ्चालन गरिएका थिए । कार्यक्रमको अन्त्यमा सहभागीहरूबाट कार्यक्रमको प्रभावबारे मत सर्भेक्षण पनि गरिएको थियो ।

**अधिकृत कर्मचारीहरु**

**क्र.सं. नाम थर कार्यालय**

१.शा.अ.श्री भुपाल भण्डारी, पुनरावेदन अदालत तुलसीपुर
२.शा.अ.श्री हरिहर पौडेल, पुनरावेदन अदालत नेपालगञ्ज
३.शा.अ.श्री दुर्गाप्रसाद खनाल ,,
४.शा.अ.श्री हरिगोपाल ज्ञवाली ,,
५.शा.अ.श्री वावुसिँह सरदार ,,
६.शा.अ.श्री वीरेन्द्रबहादुर मल्ल ,,
७.शा.अ.श्री जनकप्रसाद शर्मा, बाँके जिल्ला अदालत
८.शा.अ.श्री उत्तम थापा ,,
९.शा.अ.श्री चन्द्रदेव भारती, पुनरावेदन अदालत सुर्खेत
१०.शा.अ.श्री दिपक भण्डारी ,,
११.शा.अ.श्री प्रेमप्रकाश खड्का ,,
१२.शा.अ.श्री तुलाराम खड्का ,,
१३.शा.अ.श्री यमप्रसाद वास्कोटा, सुर्खेत जिल्ला अदालत
१४.शा.अ.श्री धनसिँह गिरी, बर्दिया जिल्ला अदालत
१५.शा.अ.श्री नेत्रबहादुर कुँवर, पुनरावेदन अदालत तुलसीपुर
१६.शा.अ.श्री कमलकुमार आचार्य ,,
१७.शा.अ.श्री खिमबहादुर कार्की, जाजरकोट जिल्ला अदालत

**सहायक कर्मचारीहरू**

**क्र.सं. नाम थर कार्यालय**

१. श्री विष्णुमणि उपाध्याय, सल्यान जिल्ला अदालत
२. श्री कृष्णप्रसाद पौडेल, बर्दिया जिल्ला अदालत
३. श्री एकराज कोइराला ,,
४. श्री अनिता पौडेल ,,
५. श्री सुनीलकुमार खाँड, दैलेख जिल्ला अदालत
६. श्री मोहनबहादुर वुढा ,,
७. श्री हिराकुमारी पौडेल, पुनरावेदन अदालत, सुर्खेत
८. श्री जनककुमार दाहाल ,,
९. श्री दिपकबहादुर रास्कोटी,सुर्खेत जिल्ला अदालत
१०. श्री अनिपाल मल्ल ,,
११. श्री शशिराम विष्ट, रुकुम जिल्ला अदालत
१२. श्री टेकबहादुर खड्का ,,
१३. श्री रमेशकुमार खड्का, प्यूठान जिल्ला अदालत
१४. श्री गिरबहादुर सेजुवाल, प्यूठान जिल्ला अदालत
१५. श्री धना सुवेदी, रोल्पा जिल्ला अदालत
१६. श्री ताजुव भुसाल ,,
१७. श्री शान्ता वली, पुनरावेदन अदालत, तुलसीपुर
१८. श्री यादवबहादुर डाँगी ,,
१९. श्री राधिका के.सी. ,,
२०. श्री रेवा रावत ,,
२१. श्री गोकर्ण वली ,,
२२. श्री रोहितप्रसाद भण्डारी ,,
२३. श्री गणेशप्रसाद रिजाल, पुनरावेदन अदालत नेपालगञ्ज
२४. श्री लिलाराम घिमिरे ,,
२५. श्री वसन्तराज ढुंगाना ,,
२६. श्री रमा श्रेष्ठ ,,
२७. श्री रामशंकर आचार्य, बाँके जिल्ला अदालत
२८. श्री दिनानाथ कोइराला ,,
२९. श्री वलबहादुर विष्ट ,,

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**– सर्वोच्च अदालत, मेलमिलाप समिति**

## अधिकृत कर्मचारीहरुको लागि नेपाली भाषाको भाषिक प्रशिक्षण, नेपालगञ्ज

### मत सर्वेक्षण

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?** जम्मा सहभागी संख्या: १८

(क) बेकार ☐ (ख) ठीकै ☐ १ (ग) उपयोगी ☐ १७

**२.यस्ता तालिम बेला-बेलामा भइरहनु पर्ला कि नपर्ला ?**

(क) हुनु राम्रो ☐ ३ (ख) काम छैन ☐ (ग) हुनै पर्छ ☐ १५

**३. तालिम अवधिबारेमा तपाईं के भन्नु हुन्छ ?**

(क) अति छोटो भयो ☐ १२ (ख) ठीकै छ ☐ २ (ग) अलि व्यवस्थित चाहिन्छ ☐ ४

**४. तालिमलाई छानिएका विषय कस्ता लागे ?**

(क) विषय कम भए ☐ १२ (ख) ठीकै छन् ☐ ६ (ग) विलकुलै भएनन् ☐

**५. तालिमबाट के सिकियो जस्तो लाग्दछ ?**

(क) शब्दको प्रयोगको महत्व हुँदो रहेछ ☐ १४
(ख) भाषाको प्रयोगबाट निर्णयलाई भाषिक दृष्टिले पनि नजीर बनाउन सकिने रहेछ ☐ ४
(ग) केही सिकिएन, रमाइलो मात्र भयो ☐

**६. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**

(क) ३ दिने ☐ १ (ख) ७ दिने ☐ ९ (ग) १ महिने ☐ ८

**७. तालिमलाई अझ बढी राम्रो बनाउन के गर्नुपर्ला ?**

(क) तालिमपछि प्रशिक्षार्थीको परीक्षा लिने ☐ ४
(ख) बढुवा / नियुक्तिमा भाषिक तालिमलाई पनि आधार बनाउने ☐ ४
(ग) यस्ता तालिम कम्तीमा वर्षको एक पटक गर्ने ☐ १०

**८. तपाईंका विचारमा प्रशिक्षकहरु ? (आन्तरिक प्रयोजनका लागि मात्र)**

**(क) श्री गोविन्द घिमिरे**

(क) अति उत्तम ☐ (ख) उत्तम ☐ (ग) ठीकै ☐

**(ख) श्री रामचन्द्र फुयाल**

(क) अति उत्तम ☐ (ख) उत्तम ☐ (ग) ठीकै ☐

**९. प्रशिक्षण पद्धति कस्तो लाग्यो**

(क) व्यवहारिक ☐ ७ (ख) औपचारिक ☐ २ (ग) सुधारका सम्भावना छन् ☐ ९

**१०. अन्य केही सुझाउ भए**

यस्ता तालिम नियमित तथा बढी प्रयोगात्मक हुनुपर्ने र तलदेखि माथिल्लो तहसम्मका जनशक्तिलाई यस्ता प्रकारको तालिम दिनु उपयुक्त हुने अधिकांश सहभागीको सुझाउ रह्यो ।

- आफूले रोजेको उत्तरमा रेजा ( ✓ ) चिन्ह लगाउने
- उत्तरदाताले आफ्नो नाम लेख्न चाहेमा लेख्दा हुने ।

## सहायक कर्मचारीहरुको लागि नेपाली भाषाको भाषिक प्रशिक्षण, नेपालगञ्ज

### मत सर्वेक्षण

जम्मा सहभागी संख्या = ३०

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?**

(क) बेकार ☐ (ख) ठीकै ☐ (ग) उपयोगी ☐ ३०

**२. यस्ता तालिम बेला-बेलामा भइरहनु पर्ला कि नपर्ला ?**

(क) हुनु राम्रो ☐ ७ (ख) काम छैन ☐ (ग) हुनै पर्छ ☐ २३

**३. तालिम अवधि बारेमा तपाईं के भन्नु हुन्छ ?**

(क) अति छोटो भयो ☐ १५ (ख) ठीकै छ ☐ ४ (ग) अलि व्यवस्थित चाहिन्छ ☐ ११

**४. तालिमलाई छानिएका विषय कस्ता लागे ?**

(क) विषय कम भए ☐ १९ (ख) ठीकै छन् ☐ ११ (ग) विलकुलै भएनन्

**५. तालिमबाट के सिकियो जस्तो लाग्दछ ?**

(क) भाषा शुद्ध लेख्नु पर्दोरहेछ ११
(ख) अशुद्ध लेखनले अनर्थ हुँदो रहेछ ☐ १९
(ग) केही सिकिएन, रमाइलो मात्र भयो ☐

**६. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**

(क) ३ दिने ☐ ३ (ख) ७ दिने ☐ २० (ग) १ महिने ☐ ७

**७. तालिमलाई अझ बढी राम्रो बनाउन के गर्नुपर्ला ?**

(क) तालिमपछि प्रशिक्षार्थीको परीक्षा लिने ७
(ख) बढुवा / स्तरवृद्धिमा भाषिक तालिमलाई आधार बनाउने ☐ ६
(ग) यस्ता तालिम कम्तीमा वर्षको एक पटक गर्ने ☐ १७

**८. शुद्ध लेख्ने अथवा टाइप गर्ने कर्मचारीलाई प्रोत्साहित गर्न के गर्नु पर्ला ?**

(क) स्तर वृद्धि ☐ १२ (ख) आर्थिक पुरस्कार ☐ १० (ग) प्रमाणपत्र प्रदान ☐ ८

**९. अन्य केही सुझाउ भए**

भाषिक प्रशिक्षण कार्यक्रमलाई बढी प्रयोगात्मक र कामसँग सम्बन्धित बनाउनु पर्ने भन्ने अधिकांश सहभागीहरूको सुझाउ र प्रशिक्षणस्थल नेपालगञ्ज मात्रै चयन नगरी अन्यत्र पनि चयन हुनुपर्ने भन्ने स्थानीय सहभागीहरूको सुझाउ रह्यो ।

---

- आफूले रोजेको उत्तरमा रेजा ( ✓ ) चिन्ह लगाउने
- उत्तरदाताले आफ्नो नाम लेख्न चाहेमा लेख्दा हुने ।

# सर्वोच्च अदालतका नियमित प्रकाशनहरू

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह २०६३
- विषयगत नजीर संग्रह २०६६
- विषयगत नजीर सारसंक्षेप संकलन २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

  भाग १: संवैधानिक कानून
  भाग २: सार्वजनिक सरोकार
  भाग ३: मानव अधिकार तथा लैगिक न्याय
  भाग ४: देवानी कानून: सम्पत्ति
  भाग ५: देवानी कानून: पारिवारिक
  भाग ६: फौजदारी कानून: सरकार वादी
  भाग ७: फौजदारी कानून: दुनिया वादी
  भाग ८: कार्यविधि कानून: देवानी
  भाग ९: कार्यविधि कानून: फौजदारी
  भाग १०: उद्योग वाणिज्य र कर
  भाग ११: राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको दोस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अंग्रेजी अनुवाद (वार्षिक)
  - अंग्रेजी अनुवाद २००३ (Volume I)
  - अंग्रेजी अनुवाद २०१० (Volume II)
  - अंग्रेजी अनुवाद २०११ (Volume III)
  - अंग्रेजी अनुवाद २०१२ (Volume IV)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)